सम्पर्क नं: ०२५-५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(राजस्व शाखा)
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८१/०८२

च.नं.-

मितिः-२०८१/०४/१७

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

### प्रथम पटक प्रकाशित सुचना मिति : २०८१/०४/१८

यस दुहवी नगरपालिका अन्तर्गत तपसिल बमोजिमका आ.व. २०८१/०८२ को लागि मिति २०८२ जेष्ठ मसान्त सम्मको लागि शिलबन्दी बोलपत्र द्वारा आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदा इच्छुक व्यक्ति, संस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहवी नगरपालिकाको कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| रा आ ठे नं. | ठेक्का शिर्षक | उत्खनन गर्न पाउने अधिकतम परिमाण(वार्षिक) | न्यूनतम ठेक्का अंक मू अ कर समेत वार्षिक रु. |
|---|---|---|---|
| १६ | दुहवी नगरपालिका क्षेत्र भित्र पर्ने बुढि खोलाको (बि.ई.एस.) प्रतिवेदनमा उल्लेखित क्षेत्रहरु बाट उत्खनन हुने भरौट बालुवा तथा व्यापारिक प्रयोजनको माटो बिक्रि कर | १३२७४(घ.मि.) | ५९,३२,२२०।- |

शर्तहरु :

१. शिलबन्दी बोलपत्र साथ रु.१० को टिकट टाँसी आफूले कबोल गरेको ठेक्का अंकको ५% धरौटी वापतको रकम दुहवी न.पा.,नगर कार्यपालिकाको कार्यालयको एन.आई. सि. बैक दुहवी शाखामा रहेको धरौटी खाता नं.(१०८२०५८४९९३७८००५) मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ।

२. शिलबन्दी बोलपत्र साथ बोलपत्रवालाले फर्म दर्ताको प्रतिलिपि, स्थायी लेखा नम्बर, नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ र २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर : रु.३०००।- फिर्ता नहुने गरी बोलपत्र फारम दुहवी न.पा.नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति : प्रथम पटक सुचना प्रकाशित भएको ३० औं दिन सम्म (२०८१/०५/१५) गते सम्म रहनेछ।

५. शिलबन्दी बोलपत्र दर्ता मिति : प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनसम्म मिति २०८१/०५/१६ गते दिउँसो १२:०० बजेसम्म नगरपालिकाको राजस्व शाखामा दर्ता गरीसक्नुपर्नेछ र सोही दिनको दिउसो ३:०० बजे यस नगरपालिकाको कार्यालयमा शिलबन्दी बोलपत्र खोलिनेछ।

६. म्याद नाघी आएको वा रीत नपुगेको बोलपत्र फाराम उपर कुनै कारवाही हुनै छैन ।

७. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

सम्पर्क नं: ०२५-५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(राजस्व शाखा)
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८१/०८२

च.नं.-

मितिः-२०८१/०४/१७

८.कबोल गरेको अंकलाई तिन किस्तामा बिभाजन गरिने छ। यसरी कायम भएको तिन किस्ता मध्ये प्रथम किस्ता सम्झौता अगावै नगदै र बाँकी किस्ताको हकमा मिति २०८२ साल भाद्र मसान्त सम्म कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंक बाट जारी गरिएको बैंक ग्यारेण्टि पेश गर्नु पर्ने छ ।

९. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि को रोहवरमा दुहवी न.पा.. नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ । तर प्रतिनिधि अनुपस्थित भएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

१०. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

११. अन्य जानकारीको लागि दुहबी न.पा.. नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५– ५४२३८७ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१२. प्रचलित कानून विपरित हुने कुनै काम गरेमा जुनसुकै बखतपनि ठेक्का तोडी अन्य वैकल्पिक व्यवस्था गरिनेछ । यसरी ठेक्का तोडि अन्य व्यवस्था गर्दा पर्ने थप व्यभार वा क्षति स्वयम् ठेकदारले व्यहोर्नु पर्नेछ ।

१३. तोकोएको स्थान बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाईने छैन ।

१४. बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलवन्दि बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलि पल्ट दर्ता हुने तथा खोलिनेछ ।

१५. कर संकलन कार्य गर्दा कुनै समस्या परेमा दुई पक्ष बिच आपसी छलफल गरी समधान गरिने छ ।त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१६.एक फर्मको नाममा खरिद गरेको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१७. व्यक्तिको निजि जग्गाबाट माटो बिक्रि गर्दा जग्गा धनी ले नै कति घन फिट माटो बिक्रि गर्ने हो यकिन गरी दुहवी नगरपालिकामा निबेदन दिनु पर्ने छ । सो सम्बन्धमा कार्यपालिकाले नर्णय गरी बार्षिक रुपमा एकमुष्ट शुल्क लिने छ ।अन्यको हकमा राजस्व संकलन गर्ने कार्य नगरपालिकाले तोकेको ठेकदार मार्फत गरिने छ ।

१८. खोला वा नदिले बहाव परिवर्तन गरि वा नगरी निजि जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाबाट बग्ने खोला वा नदि किनारको ढुंगा, गिटि, बालुवा दहतर बहतरको बिक्रि गर्दा खोला वा नदिको दुवै तर्फ किनारा तर्फ रहेको प्राकृतिक स्रोतलाई प्रदेश राजपत्रमा उल्लेखित दररेटमा बिक्रि गर्नु पर्दछ ।

१९.खोलाबाट नदिजन्य पदार्थ उत्खनन गर्दा प्राकृतिक स्रोतको दुरुपयोग सार्वजनिक तथा मानविय बासस्थान भौगोलिक संरचना साधसिमाना रहेको छिमेकिको जग्गा संरचना कुलो नहर सडक सार्वजनिक तथा व्यक्तिगत भवन लगायतका संरचाना आदीमा कुनै किसिमको असर नपर्ने गरी उत्खनन गर्नुपर्ने छ ।

२०.अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

हिमालय कराल
प्रमुख प्रशासकीय अधिकृत